# तलकोट गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड. १　　　　सङ्ख्या. १७　　　　मितिः २०८१/०९/२८ गते

# भाग-१

| ऐन संख्या :- | १७ |
|---|---|

## तलकोट गाउँपालिकाको विद्यालय शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१

**गाउँसभाबाट पारित मितिः २०८१/०९/१७**

**प्रमाणीकरण मितिः २०८१/०९/२६**

**प्रस्तावना :** राष्ट्र र समाजको सर्वपक्षीय विकास र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरणका लागि सर्वसाधारण जनताको सदाचार, नैतिकता, सहिष्णुता र मानवीय मूल्यको प्रबर्द्धन गर्ने तथा सीपयुक्त, परिश्रमी, सिर्जनशील एवम् प्रतिस्पर्धी जनशक्ति तयार गर्नको लागि यस तलकोट गाउँपालिकाभित्र स्थापना हुने र स्थापना भई सञ्चालन भइरहेका विद्यालयहरूलाई सुव्यवस्थित गरी गुणस्तरीय आधारभूत तथा माध्यमिक शिक्षामा समन्यायिक पहुँचको सुनिश्चितता प्रदान गर्न तथा नेपालको संविधान २०७२ को धारा ५७ एवम् अनुसूची ८ को सूची नं. ८ मा उल्लेखित स्थानीय तहको एकल अधिकार सूचीको प्रयोग सम्बन्धमा आवश्यक व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ परिच्छेद १५ को दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरी तलकोट गाउँपालिका बझागको गाउँ सभाले यो ऐन बनाएको छ।

### परिच्छेद–१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "तलकोट गाउँपालिकाको शिक्षा ऐन २०८१" रहेको छ।

(२) यो ऐन बझाङ जिल्ला तलकोट गाउँपालिकामा लागु हुने छ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात तुरुन्त प्रारम्भ हुने छ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "विद्यालय शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षादेखि कक्षा बाहसम्म दिइने आधारभूत र माध्यमिक शिक्षा सम्झनुपर्छ।

(ख) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(ग) "प्रारम्भिक बाल विकास तथा शिक्षा" भन्नाले चार वर्ष उमेर पूरा भएका बालबालिकालाई कक्षा एकमा प्रवेश गर्नुभन्दा अगाडि दिइने एक वर्ष अवधिको बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित बाल विकास तथा शिक्षा सम्झनुपर्छ।

(घ) "शिशु स्याहार केन्द्र" भन्नाले चार वर्ष उमेर पूरा नभएका बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित रही खोलिएको शिशु स्याहार केन्द्र सम्झनुपर्छ।

(ङ) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एक देखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(च) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाहसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(छ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ।

(ज) "समावेशी शिक्षा " भन्नाले देहायको शिक्षा सम्झनुपर्छ :-

(१) दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा,

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा।

(झ) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्झनुपर्छ।

(ञ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार एवम् तलकोट गाउँपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(ट) "संस्थागत विद्यालय" भन्नाले निजी पहलमा स्थापना गरिएका नेपाल सरकार, प्रदेश सरकार एवम् तलकोट गाउँपालिकाबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(ठ) "शैक्षिक गुठी" भन्नाले मुनाफा नकमाउने उद्देश्यले सार्वजनिक वा निजी गुठी अन्तर्गत स्थापना वा सञ्चालन भएका कल्याणकारी विद्यालयलाई सम्झनुपर्छ।

(ड) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रूपमा चली आई धार्मिक विद्यालयको रूपमा अनुमति प्राप्त गुरूकुल, आश्रम, विहार, गोन्पा, मदरसा जस्ता विद्यालयलाई सम्झनुपर्छ।

(ढ) "सहकारी विद्यालय" भन्नाले सहकारी संस्थाको पहलमा कानुन बमोजिम अनुमति प्राप्त विद्यालयलाई सम्झनुपर्छ।

(ण) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई सम्झनुपर्छ।

(त) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले समुदायस्तरमा सञ्चालन गरिने साक्षरता, निरन्तर शिक्षा र सिप सिकाइ लगायतका काम गर्न अनुमति दिइएको केन्द्र सम्झनुपर्छ।

(थ) "निःशुल्क शिक्षा" भन्नाले विद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शीर्षकमा शुल्क असुल नगरी दिइने शिक्षालाई सम्झनुपर्छ।

(द) "आयोग" भन्नाले स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकहरूको स्थायी नियुक्ति तथा बढुवाको सिफारिस गर्न सङ्घीय ऐन बमोजिमको आयोग सम्झनुपर्छ।

(ध) "गाउँपालिका" भन्नाले बझाग जिल्लाको तलकोट गाउँकार्यपालिका सम्झनुपर्छ।

(न) "गाउँ सभा" भन्नाले बझाङ जिल्लाको तलकोट गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ।

(प) "अध्यक्ष" भन्नाले तलकोट गाउँपालिकाको प्रमुखलाई सम्झनुपर्छ।

(फ) "गाउँ शिक्षा शाखा प्रमुख" भन्नाले तलकोट गाउँपालिकाको शिक्षा शाखा प्रमुखको रूपमा कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ।

(ब) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको अधिकृत सम्झनुपर्छ।

(भ) "वडा शिक्षा समिति" भन्नाले वडा स्तरमा विद्यालय सञ्चालन र व्यवस्थापनमा सहयोग गर्न गठित समिति सम्झनुपर्छ।

(म) "टोल शिक्षा समिति" भन्नाले शिक्षा सुधारका लागि टोल स्तरमा गठन भएको स्थानीय शिक्षा समितिलाई जनाउँछ।

(य) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी अभिलेखमा जनाइएको व्यक्ति सम्झनु पर्दछ।

तर विद्यालय व्यवस्थापन समिति गठन प्रयोजनमा अभिभावक भन्नाले विद्यार्थीका बुवा, आमा, बाजे, बज्यै वा अन्य अभिभावक नभएका विद्यार्थीको हकमा संरक्षकत्त्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ।

(ल) "शिक्षक" भन्नाले विद्यालयमा शिक्षण सिकाइ गर्न नियुक्त अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(व) "प्रधानाध्यापक" भन्नाले विद्यालयको शैक्षिक, प्रशासनिक, आर्थिक र व्यवस्थापकीय नेतृत्व गर्न जिम्मेवारी तोकिएको शिक्षक सम्झनुपर्छ।

(स) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ।

(ष) "अनुमति" भन्नाले नेपाल सरकार र प्रदेश सरकारले तोकेको मापदण्ड समेतको आधारमा गाउँपालिकाले कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

(श) "स्वीकृति" भन्नाले तोकिएबमोजिमको सर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार र प्रदेश सरकारसमेतको मापदण्डको आधारमा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ।

(ह) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

## परिच्छेद–२
## विद्यालयको अनुमति तथा स्वीकृति एवम् शिक्षाको प्रकार

**३.** विद्यालय तोकिएबमोजिमको आधारमा अनुमति लिई सञ्चालन गर्नुपर्ने छ।

**४.** विद्यालयको अनुमति, स्वीकृति, वर्गीकरण र समायोजन तोकिए बमोजिम हुने छ।

**५.** विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने छ।

६. गाउँपालिकाले प्रारम्भिक बाल शिक्षा सञ्चालन तथा व्यवस्थापनको लागि तोकिए बमोजिम थप व्यवस्था गर्न सक्ने छ।

**७.** गाउँपालिकाले तोकिएबमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालनका लागि अनुमति प्रदान गर्न वा बन्द गर्न सक्ने छ।

८. गाउँपालिकाले तोकिएबमोजिमको आधारमा विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न वा कक्षा थप गर्न सक्ने छ।

**९. माध्यमिक शिक्षाको प्रकार:**

माध्यमिक शिक्षा देहाय बमोजिमको हुने छ।

(क) साधारण माध्यमिक शिक्षा :

(ख) परम्परागत माध्यमिक शिक्षा :

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा :

**१०. शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्ने छ।

(क) आधारभूत तहको शिक्षा मातृभाषामा  दिन सकिने छ।

(ख) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुने छ।

**परिच्छेद ३**

## गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घसम्बन्धी व्यवस्था

**११.** गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्थाः-

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरूको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहने छ :-

(क) गाउँपालिका अध्यक्ष तथा सो काम गर्न तोकिएको व्यक्ति अध्यक्ष

(ख) गाउँपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) गाउँपालिकाले तोकेको गाउँसभाका सदस्यहरुमध्यबाट कम्तिमा एक जना महिला सहित दुई जना -सदस्य

(ङ) विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट सामुदायिक वा संस्थागत विद्यालयबाट एक जना पर्ने गरी गाउँ शिक्षा समितिले मनोनित गरेका एक जना -सदस्य

(च) समाजसेवी वा शिक्षा विदहरुमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेका कम्तिमा एक जना दलित सहित दुई जना- सदस्य

(छ) शिक्षण पेशामा उच्च योगदान पुर्याएका सामुदायिक  विद्यालयका शिक्षक अभिभावक संघका अध्यक्षहरुमध्यबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना सदस्य

(ज) शिक्षाप्रेमी वा समाजसेवी वा अपाङ्गताको क्षेत्रमा काम गर्ने व्यक्ति मध्येबाट गाउँ प्रमुखले मनोनित गरेको दुई जना - सदस्य

(झ) गाउँपालिका क्षेत्रको नेपाल शिक्षक महासङ्घका अध्यक्ष -सदस्य

(ञ) शिक्षा शाखा प्रमुख -सदस्य सचिव

(२) समितिका मनोनित सदस्यको कार्यकाल दुई वर्षको हुने छ।

(३) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्ने छ। समितिको बैठकमा सहभागी भए बापत गाउँपालिकाको प्रचलित नियमअनुसार वैठक भत्ता उपलब्ध गराइने  छ।

(४) वैठक सञ्चालनको लागि कम्तीमा ५० प्रतिशत सदस्यको उपस्थिति हुनुपर्ने छ।

(५)वैठकमा  सर्वसम्मत तरिकाले निर्णय लिइनेछ। सो हुन नसकेमा बहुमतको निर्णय मान्य   हुनेछ।

(६) समितिको वैठकमा शिक्षा अधिकृत  उपस्थित हुनु पर्ने छ।

(७) समितिको बैठकमा आवश्यकताअनुसार विज्ञलाई सल्लाहकारको रूपमा आमन्त्रण गर्न सकिने छ।

(८) उपदफा (१) अनुसार मनोनित र अन्य तोकिएका सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा निजलाई मनोनयन गर्ने पदाधिकारी वा समितिले जुनसुकै समयमा पनि पदबाट हटाउन सक्ने छ। तर त्यसरी हटाउनु  अघि सफाइ पेस गर्ने मनाशिव मौकाबाट वञ्चित गरिने छैन।

**१२. गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुने छः-**

(क) गाउँपालिका स्तरीय शैक्षिक योजना तयार गरी गाउँ सभाबाट स्वीकृत गराइ कार्यान्वयन गर्ने गराउने,

(ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने, कक्षा थप्ने, घटाउने एवम् विद्यालय बन्द गराउने सम्बन्धमा गाउँपालिकालाई आवश्यकतानुसार राय प्रदान गर्ने,

(ग) विद्यालयहरूलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक स्रोतको खोजी गर्ने ,

(घ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित बनाउन सहयोग गर्ने,

(ङ) विद्यालयहरूको लेखा परीक्षकको पारिश्रमिक निर्धारण गर्ने,

(च) सामुदायिक विद्यालयहरूको शिक्षक तथा कर्मचारी दरबन्दी मिलान तथा त्यसरी मिलान गरेका शिक्षक तथा कर्मचारीको व्यवस्थापन गर्ने,

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, क्रियाशील बनाउने,

(ज) विद्यालयको लागि आवश्यक साधन, स्रोत जुटाउने र परिचालन गर्ने गराउने ,

(झ) विद्यालयको सम्पत्तिको सुरक्षा गर्ने र गर्न लगाउने,

(ञ) शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने, सूचक विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने, तदनुसार अपेक्षित गुणस्तर कायम भएका विद्यालयलाई पुरस्कृत गर्ने, नभएकालाई सघाउने तथा लगातार तीन वर्षसम्म राम्रो नतिजा नल्याउने विद्यालय तथा शिक्षकलाई नसियत दिने ,

(ट) विद्यालयहरूलाई सामाजिक परीक्षण गर्न लगाउने

(ठ) गाउँपालिका स्तरीय खेलकुद, स्काउट, सांस्कृतिक कार्यक्रम, शैक्षिक प्रदर्शनी जस्ता कार्यक्रम सञ्चालनका लागि आवश्यक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न शिक्षा शाखालाई निर्देशन दिने,

(ड) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ,

(ढ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका सर्तहरू निर्धारण गर्ने ,

(ण) शैक्षिक संस्था र शिक्षासँग आबद्ध शिक्षक कर्मचारीहरूलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारवाही गर्ने गराउने,

(त) गाउँपालिका क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरू बीच स्वस्थ प्रतिस्पर्धा गराई शैक्षिक गुणस्तर विकासका लागि साझेदारी कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्ने,

(थ) संस्थागत विद्यालय सञ्चालनको मापदण्ड बनाउने, सञ्चालनको स्वीकृति र अनुमतिको लागि गाउँपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने ,

(द) नक्साङ्कनका आधारमा विद्यालय गाभ्ने, सार्ने, नाम परिवर्तन गर्ने, तह र कक्षा थप गर्ने वा कक्षा घटाउने जस्ता नीति तर्जुमा गरी गाउँपालिकामा पेस गर्ने,

(ध) विद्यालयको आवश्यकता एवम् औचित्य समेतका आधारमा विषयगत शिक्षक दरबन्दी मिलान गर्ने,

(न) सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने,

(प) विद्यार्थीका लागि दिवा खाजा व्यवस्थापन गर्न स्रोतको पहिचान गर्ने र यस कार्यमा अभिभावक, विद्यालय तथा विभिन्न सङ्घ, संस्थाहरूलाई समेत परिचालन गर्ने,

(फ) विद्यालयबाहिर रहेका बालबालिका पहिचान गरी अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि योजना निर्माण र कार्यान्वयन गर्ने ,

(ब) विद्यालयमा पठनपाठनको अधिकतम प्रबन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाइ लागु गर्ने, गराउने,

(भ) शिक्षक तालिम नीति तर्जुमा गरी लागु गर्ने,

(म) गाउँपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ,

(य) विद्यालयहरूलाई कार्यसम्पादनमा आधारित अनुदान दिने सम्बन्धमा आवश्यक निर्णय लिने,

(र) विद्यालयका शिक्षक तथा कर्मचारीलाई आवश्यक परेमा प्रोत्साहन सहित स्वेच्छिक अवकाशको प्रबन्ध गर्ने,

(ल) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

**१३. गाउँ शिक्षा अधिकारी वा शिक्षा शाखा प्रमुखको काम कर्तव्य र अधिकार :**

(क) गाउँपालिका स्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ शिक्षा समिति मार्फत गाउँकार्यपालिकामा पेस गर्ने, गराउने,

(ख) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,

(ग) विद्यालय तथा शैक्षिक निकायहरूको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने ।

(घ) गाउँकार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सहयोग गर्ने,

(ङ) शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन गर्ने र तद्अनुसार पुरस्कार तथा दण्डको लागि गाउँ शिक्षा समितिमा सिफारिस गर्ने,

(च) आधारभूत तहको कक्षा ८ को अन्तिम परीक्षा लगायत सिकाइ उपलब्धि परीक्षा सञ्चालन गर्ने गराउने,

(छ) सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको अभिलेख राख्ने,

(ज) विद्यालयमा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गरे नगरेको अनुगमन गर्ने,

(झ) विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने गराउने,

(ञ) विद्यालयबाट प्राप्त प्रतिवेदन कार्यान्वयन गर्ने,

(ट) शिक्षकको तलबी प्रतिवेदन पारितका लागि आवश्यक कार्य गर्ने,

(ठ) विद्यालयको शैक्षिक कार्यक्रमको नियमित अनुगमन गर्ने गराउने,

(ड) गाउँ शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने,

(ढ) विद्यालयको लेखापरीक्षण गर्न लेखापरीक्षकहरूको नियुक्ति गर्ने,

(ण) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

**१४. वडा शिक्षा समितिको गठन, काम, कर्तव्य र अधिकार**

(१) वडा क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको सञ्चालन, रेखदेख र समन्वय गर्ने काम समेतका लागि प्रत्येक वडामा देहाय बमोजिमको वडा शिक्षा समिति रहने छ :

| | |
|---|---|
| (क) सम्बन्धित वडाको वडाध्यक्ष | -संयोजक |
| (ख) वडा समितिका सदस्यहरू मध्ये वडा समितिले तोकेको एक जना | -सदस्य |
| (ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्ये वडा शिक्षा समितिले तोकेको दुई जना | -सदस्य |
| (घ) विद्यालयका प्रधानाध्यापक मध्येबाट वडा शिक्षा समितिले तोकेको एकजना | -सदस्य |
| (ङ) टोल विकास समितिका संयोजकहरू मध्येबाट वडा समितिले तोकेको एक जना | -सदस्य |
| (च) वडा सचिव | -स-सचिव |

(२) वडा शिक्षा समितिका मनोनित सदस्यको पदावधि दुई वर्षको हुने छ ।

(३) वडा शिक्षा समितिको वैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुने छ ।

**१५. वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुने छ ।**

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने,

(ख) वडा क्षेत्रभित्रका बालबालिकाहरूलाई कम्तीमा आधारभूत शिक्षासम्मको अध्ययन गराउन वातावरण तयार गरी प्रोत्साहन गर्ने,

(ग) आपनो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र व्यवस्थित बनाउन सहयोग गर्ने,

(घ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, क्रियाशील वनाउने,

(ङ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने,

(च) सम्बन्धित वडाभित्रका अभिभावक कर्मचारी र शिक्षकबिच विवाद भएमा त्यसको समाधान गर्ने,

(छ) विद्यालयको निरीक्षण तथा शैक्षिक गतिविधिहरूको अनुगमन गर्ने गराउने,

(ज) विद्यालय अनुमतिका लागि गाउँ शिक्षा समितिसमक्ष सिफारिस गरी पठाउने ,

(झ) गाउँ शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने ,

**१६. सामुदायिक विद्यालय व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकारः**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहने छ :-

(क) विद्यालय रहेको वडाको वडा समितिले तोकेको एक जना सदस्य - सदस्य

(ख) अभिभावकले आफूहरू मध्येबाट छानी पठाएका कम्तीमा दुई जना महिलासहित चार जना - सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर रूपमा उल्लेख्य सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको कम्तीमा एकजना महिला सहित दुई जना - सदस्य

(घ) शिक्षकहरूले आफूहरू मध्येबाट चयन गरी पठाएको प्रतिनिधि एक जना -सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक -सदस्य-सचिव

(२) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँस्तरका उद्योग तथा वाणिज्य महासङ्घका दुई जना प्रतिनिधि सदस्य रहने छन् ।

(३) उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरू मध्येबाट उनीहरूले छनोट गरेको सदस्य सो समितिको अध्यक्ष हुने छ ।

(४) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुने छ । यसरी छानिएका वा मनोनयन गरिएका अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने अधिकारीले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्ने छ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(५) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) विद्यालयमा शिक्षक तथा कर्मचारीका लागि तालिमको व्यवस्था गर्ने एवम् तालिमका लागि छनोट गर्ने ।

(छ) प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगवाट सिफारिस भई स्थायी नियुक्ति लिई आएका शिक्षकलाई हाजिर गराई काममा लगाउने,

(ज) गाउँपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

(झ) गाउँ शिक्षा अधिकारी वा शिक्षा शाखा प्रमुख बाट नियुक्त लेखा परीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराउने,

(ञ) लेखा परीक्षकको प्रतिवेदनअनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेस गर्ने,

(ट) गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने गराउने,

(ठ) विद्यालय सेवा क्षेत्रमा सबैका लागि अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गर्न आवश्यक व्यवस्थापन गर्ने,

(ड) विद्यालयमा कार्यरत शिक्षकलाई कामको आधारमा प्रोत्साहन तथा विभागीय कारबाही गर्ने

(ढ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, सर्त र सुबिधा तोक्ने र तोकिएबमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

(ण) स्वीकृत दरबन्दीको शिक्षक तथा कर्मचारी पद रिक्त भएमा रिक्त पद पूर्तिका लागि सात दिनभित्र गाउँपालिकामा लेखी पठाउने,

(त) विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि तथा सामाजिक परीक्षण गराउन शिक्षक अभिभावक सङ्घ गठन गर्ने ,

(थ) नेपाल सरकार वा प्रदेश सरकार वा गाउँपालिकाले गरेको व्यवस्था बमोजिम तोकिएको कर्मचारीलाई तोकिएको तलब भत्ता प्रदान गर्ने,

(द) विद्यालयका शिक्षक तथा कर्मचारीको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारबाही गर्ने,

(ध) नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(न) प्रत्येक वर्ष शैक्षिक सत्र सुरु भएको दुई महिनाभित्र सहभागितामूलक विद्यालय सुधार कार्यक्रमको वार्षिक कार्यान्वयन योजना तयार गरी कार्यान्वयन गर्ने गराउने,

(प) प्रत्येक वर्ष अभिभावकहरूको भेला गराई अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी कार्यक्रमका सम्बन्धमा सार्वजनिक गर्ने गराउने,

(फ) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

(६) कुनै विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा, विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा वा गाउँपालिकाबाट दिइएका निर्देशनहरूको बेवास्ता गरेमा गाउँ शिक्षा समितिले त्यस्तो विद्यालयको व्यवस्थापन समिति विघटन गर्न सक्ने छ । यसरी विघटन भएको अवस्थामा ३ महिनाभित्र अर्को व्यवस्थापन समिति गठन गर्नु पर्ने छ ।

(७) सामुदायिक विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ ।

**१७. शिक्षक अभिभावक सङ्घको गठन, काम, कर्तव्य र अधिकार**

(१) सामुदायिक विद्यालयमा शिक्षक अभिभावकबिच सहकार्य, सामाजिक परिक्षण गरी व्यवस्थापनमा सहयोग तथा शैक्षिक गुणस्तर सम्बन्धी आवश्यक सहयोग गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक शिक्षक अभिभावक सङ्घ रहने छ :-

(क) अभिभावक भेलाबाट छनोट गरेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकले आफूहरू मध्येबाट छानी पठाएका कम्तीमा एक जना महिला सहित तीन जना- सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरू मध्येबाट समितिले मनोनयन गरेका कम्तीमा एक जना महिलासहित तीन जना - सदस्य

(घ) शिक्षकहरूले आफू मध्येबाट छानी पठाएको एक जना प्रतिनिधि - सदस्य

(ङ) प्रधानाध्यापक- -सदस्य सचिव

(२) समितिको बैठकमा बालक्लवको प्रतिनिधि (छात्रा १ र छात्र १) र बालक्लव गठन नभएको अवस्थामा उच्चतम कक्षाको उत्कृष्ट अङ्क ल्याउने छात्रा १ र छात्र १ जनालाई आमन्त्रित गर्न सकिने छ।

(३) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुने छ।

(४) शिक्षक अभिभावक सङ्घको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :-

(क) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण निर्माण गर्न विद्यालयलाई सहयोग गर्ने,

(ख) विद्यालयको सामाजिक परिक्षण गर्ने,

(ग) शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सहयोग गर्ने,

(घ) विद्यार्थी भर्ना अभियान सञ्चालन गर्न विद्यालयलाई सहयोग गर्ने,

(ङ) तोकिएबमोजिमका अन्य काम गर्ने।

## परिच्छेद - ४

## शिक्षक तथा विद्यालय कर्मचारीको दरबन्दी, सेवा, सर्त, योग्यता एवम् सक्षमताको मापदण्ड

### १८.शिक्षक कर्मचारीको दरबन्दी निर्धारण गर्ने

(१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरूमा आवश्यक पर्ने शिक्षक, कर्मचारी दरबन्दी निर्धारण तोके बमोजिम हुने छ।

(२) गाउँपालिकाले शिक्षकको दरबन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयका आधारमा तोकिएबमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नुपर्ने छ।

(३) गाउँपालिकाले उपदफा (१) र (२) बमोजिम दरबन्दी सिर्जना भई नियुक्ति भएका शिक्षक र कर्मचारीको व्यक्तिगत फाइल खडा गरी राख्नु पर्ने छ।

### १९. शिक्षक तथा कर्मचारीको सेवा, सर्त, योग्यता र सक्षमता

शिक्षक तथा कर्मचारीको सेवा, सर्त, योग्यता र सक्षमता सङ्घीय कानून सुदुरपश्चिम प्रदेश सरकार र गाउँपालिकाले तोकेबमोजिम हुने छ।

### २०. अध्यापन अनुमति पत्र लिनु पर्ने

(१)अध्यापन अनुमतिपत्र नलिई शिक्षक पदका लागि उम्मेदवार हुन पाइने छैन। तर विज्ञान, गणित, लेखा, कम्प्युटरका साथै प्राविधिक धारतर्फका विषयहरूमा करार शिक्षक नियुक्ति गर्ने प्रयोजनमा अध्यापन अनुमति पत्र प्राप्त भएका व्यक्ति उपलब्ध हुन नसकेको अवस्थामा उल्लेखित विषयको करार शिक्षक पदमा अध्यापन अनुमति पत्र हासिल नगरेका व्यक्तिसमेत उमेदवार हुन बाधा पर्ने छैन्।

(२)अध्यापन अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था सङ्घीय कानुनबमोजिम हुने छ।

## परिच्छेद - ५

## सजाय र पुनरावेदन

**२१. सजाय :** उचित र पर्याप्त कारण भएमा शिक्षकलाई देहायको विभागीय सजाय गर्न सकिने छ :-

**(क) सामान्य सजायः**

(१) नसियत दिने,

(२) दुई वर्षसम्म बढुवा रोक्का गर्ने वा बढीमा दुई तलब वृद्धि रोक्का गर्ने,

(३) दुई वर्षदेखि पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा दुईदेखि पाँच तलब वृद्धिसम्म रोक्का गर्ने ।

**(ख) विशेष सजायः**

(१) करार शिक्षकको करार सम्झौता भङ्ग गरी सेवाबाट हटाउने,

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(३) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त गर्ने ।

**२२. नसियत दिने वा तलब वृद्धि रोक्का गर्ने वा बढुवा रोक्का गर्नेः**

(१) देहायको कुनै अवस्थामा शिक्षकलाई नसियत दिने वा तलब वृद्धि रोक्का गर्ने वा बढुवा रोक्का गर्ने सजाय गर्न सकिनेछः-

(क) अनुशासनहीन काम गरेमा,

(ख) पटक पटक विद्यालयको समय पालन नगरेमा,

(ग) शिक्षकले पालना गर्नुपर्ने आचारसंहिता उल्लङ्घन गरेमा,

(घ) खटाइएको तालिम वा प्रशिक्षणमा भाग लिन नगएमा,

(ङ) कार्य क्षमताको अभाव भएमा,

(२) कार्य क्षमताको अभाव मानिनेः देहायको अवस्थामा शिक्षकको कार्य क्षमताको अभाव भएको मानिने छ ।

(क) कुनै शिक्षकले आफूले अध्यापन गरेको प्रत्येक कक्षाको प्रत्येक विषयमा तीन शैक्षिक सत्रसम्म लगातार औषत अङ्क ५० प्रतिशत वा $C^{+}$ ग्रेड भन्दा कम भएमा ।

(ख) शिक्षकले देहायका कार्य नियमित रूपमा नगरेमा

(१) आधारभूत तहमा शिक्षण गर्ने शिक्षकले निरन्तर मूल्याङ्कन र सो अभिलेखको प्रयोग,

(२) कक्षा ६ देखि १२ अन्तर्गत शिक्षण गर्ने शिक्षकले प्रयोगात्मक अङ्क दिनु पर्ने विषयमा नियमित रुपमा प्रयोगात्मक क्रियाकलाप गराई प्रयोगात्मक फाइल खडा गरी सो को अभिलेख राख्ने र हरेक परीक्षामा प्रयोगात्मक परीक्षा लिई सोको अभिलेख राख्ने,

(३) आफूले अध्यापन गर्ने विषयको पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको नियमित प्रयोग गर्ने,

(४) आफूले शिक्षण गर्ने विषयको विद्यार्थीगत वार्षिक सिकाइ उपलब्धि योजना तयार गरी कार्यान्वयन गर्ने,

(५) वार्षिक पाठ योजना र दैनिक संक्षिप्त पाठ योजना तयार पार्ने,

(६) अर्धवार्षिक शिक्षण सुधार योजना तयार गरी कार्यान्वयन गर्ने र प्रत्येक तीन तीन महिनामा प्रतिवेदन तयार गरी प्रधानाध्यापकलाई बुझाउने,

(७) प्रत्येक परीक्षाको नतिजा विश्लेषण गरी विद्यार्थीगत उपलब्धि देखिने प्रतिवेदन तयार गर्ने,

(८) आफूले शिक्षण गर्ने पाठहरूका लागि उपयुक्त शैक्षिक सामग्रीहरूको व्यवस्था, निर्माण, सङ्कलन र प्रयोग गर्ने,

(९) कम सिकाइ उपलब्धि भएका वा न्युनतम ५० प्रतिशत सिकाइ उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीलाई उपचारात्मक र निदानात्मक शिक्षण पद्धति अपनाउने र आवश्यकता अनुसार अतिरिक्त समयमा निःशुल्क सुधारात्मक कक्षा सञ्चालन गर्ने,

(१०) विद्यालयमा उपलव्ध सूचना प्रविधिमा अनभिज्ञ भएमा वा प्रधानाध्यापक र व्यवस्थापन समितिबाट सूचना प्रविधिको प्रयोग नगरेको वा गर्न नमानेको भन्ने प्रतिवेदन प्राप्त भएमा,

(११) तालिममा सिकेको ज्ञान, सिप र प्रविधिको प्रयोग नगरेको भनी प्रधानाध्यापक र शिक्षा अधिकृतबाट प्रतिवेदन प्राप्त भएमा ।

**२३. नोकरीबाट हटाउने वा बर्खास्त गर्ने :**

(१) देहायको अवस्थामा शिक्षकलाई भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी नोकरीबाट हटाउन सकिने छ ।

(क) करार शिक्षकले करार सम्झौता बमोजिमको कार्यसम्पादन नगरेमा,

(ख) पदीय दायित्व पूरा नगरेमा,

(ग) विना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(घ) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(च) कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

(छ) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको पदमा रहेको पाइएमा

(ज) बालबालिकालाई कुनै पनि गम्भीर प्रकारको दुर्व्यवहार गरेको पुष्टि भएमा

(२) शिक्षकलाई देहायका अवस्थामा भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्न सकिने छः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ख) भ्रष्टाचार गरेको प्रमाणित भएमा,

(ग) वैदेशिक स्थायी आवासीय अनुमति लिएमा वा सोको लागि आवेदन दिएमा,

(घ) शिक्षक सेवामा नियुक्त हुने वा बहाल रहने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा ।

**२४. विद्यालयलाई नोक्सानी भएको रकम असुल गरिने :** कसैले जानी जानी वा लापरवाही गरी विद्यालयलाई कुनै हानी नोक्सानी पुर्याएमा वा विद्यालयको सम्पत्ति हिनामिना गरेमा त्यस्तो व्यक्तिबाट बिगो असुल गरी बिगो बमोजिमको जरिवाना गरिने छ ।

**२५. सजाय सम्बन्धी कार्यविधि :-**

(१) सजाय दिन पाउने अधिकारीले कुनै शिक्षकलाई सजाय गर्ने आदेश दिनुभन्दा अघि निजलाई आफ्नो सफाइ पेस गर्ने मौका दिनुपर्ने छ । यसरी सफाइको मौका दिंदा निजमाथि लगाइएको आरोप र सजाय स्पष्ट रूपले किटिएको हुनुपर्ने छ । त्यस्तोमा सम्बन्धित शिक्षकले पनि म्यादभित्र आफ्नो सफाइ पेस गर्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम शिक्षकले स्पष्टीकरण पेस नगरेमा वा पेस गरेको स्पष्टीकरण चित्त बुझ्दो नभएमा सजाय दिने अधिकारीले सजाय प्रस्ताव गरी पुनः स्पष्टीकरण माग गर्ने छ ।

**२६. निलम्बन गर्ने :**

(१) कुनै शिक्षकलाई सजायको आदेश दिनुभन्दा अघि कुनै विषयमा जाँच गर्नु परेमा निजलाई सजाय दिन पाउने अधिकारीले निलम्बन गर्न सक्ने छ । निलम्बन गर्दा साधारणतया तीन महिनाभन्दा बढी गर्नु हुँदैन ।

(२) नैतिक पतन देखिने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको शिक्षक त्यसरी थुनिएको अवधिभर स्वतः निलम्बन भएको मानिने छ । यसरी निलम्बन हुने शिक्षकले निलम्बन भएको अवधिको तलब भत्ता पाउने छैन ।

(३) कुनै शिक्षक आफ्नो पदमा पुनः स्थापित भएमा वा कसुर प्रमाणित नभएमा वा नोकरीमा नरहेमा निजको निलम्बन समाप्त भएको मानिने छ ।

(४) उपदफा (१) बमोजिम कुनै शिक्षक निलम्बन भएमा सो निलम्बन रहेको अवस्थामा निजले आफ्नो तलबको आधा मात्र पाउने छ । तर त्यसरी लागेको अभियोग प्रमाणित नभई कुनै शिक्षकले सफाइ पाएमा निजले निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कटाई बाँकी तलब र त्यस्तो आधा तलब नपाएको भए पूरै तलब पाउने छ ।

**२७. सजाय गर्ने :** शिक्षकले दफा २५ बमोजिम पेस गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा सजाय गर्ने अधिकारीले यसको कारण खुलाई सजाय गर्ने छ ।

**२८. सजाय गर्ने अधिकारी :**

(१) शिक्षकलाई सजाय गर्ने अधिकारी देहाय बमोजिम हुने छ :-

(क) शिक्षकलाई नसियत दिने वा दुई तलब वृद्धि रोक्का गर्ने प्रधानाध्यापक र सो भन्दा बढी तलब वृद्धि रोक्का गर्ने व्यवस्थापन समिति,

(ख) प्रधानाध्यापकलाई नसियत दिने र तलब वृद्धि रोक्का गर्ने गाउँ शिक्षा अधिकारी वा शिक्षा शाखा प्रमुख,

(ग) बढुवा रोक्का गर्ने गाउँ शिक्षा अधिकारी वा शिक्षा शाखा प्रमुख,

(घ) करार शिक्षकको करार सम्झौता भङ्ग गरी नोकरीबाट हटाउने सम्बन्धित विद्यालय व्यवस्थापन समिति,

(ङ) नोकरीबाट हटाउने वा बर्खास्त गर्ने गाउँ शिक्षा समिति ।

(२) उपदफा (१) बमोजिम प्रधानाध्यापक र व्यवस्थापन समितिले गरेको सजायको जानकारी गाउँपालिकाको शिक्षा शाखालाई दिनु पर्ने छ ।

**२९. कारबाही गर्न सक्ने :**

(१) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विद्यालयको विद्यार्थीहरूको परीक्षाको नतिजा देहायको भन्दा कम भएमा गाउँ शिक्षा अधिकारीले वा शिक्षा शाखा प्रमुखले त्यस्तो विद्यालयको प्रधानाध्यापकलाई पहिलो पटक भए सचेत गराउने र दोस्रो तथा तेस्रो पटक सोही क्रम लगातार दोहोरिएमा क्रमशः एक र दुई तलब वृद्धि रोक्का गर्नेछः-

(क) कक्षा तीन र पाँचको विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण, कक्षा आठको आधारभूत शिक्षा उत्तीर्ण परीक्षा, कक्षा दशको माध्यमिक शिक्षा परीक्षा र कक्षा १२ को अन्तिम परीक्षामा साठी प्रतिशत भन्दा बढी विद्यार्थी अनुत्तीर्ण भएमा वा साठी प्रतिशत भन्दा बढी विद्यार्थीको नतिजा सि प्लस भन्दा कम भएमा

(ख) विद्यार्थीको प्रयोगात्मक अङ्क र निरन्तर मूल्याङ्कनको अङ्क परीक्षणविना भर्ने भराउने गरेमा

(२) उपदफा १ (क) बमोजिमको परीक्षण तथा परीक्षामा कुनै विषयमा कुनै विद्यार्थीले प्राप्त गरेको विषयगत परीक्षाफलमा साठी प्रतिशत भन्दा बढी विद्यार्थी अनुत्तीर्ण भएमा वा साठी प्रतिशत भन्दा बढी विद्यार्थीको नतिजा सि प्लस भन्दा कम भएमा वा अध्यापन गरेको विषयको औषत अङ्क ५० प्रतिशतभन्दा कम भएमा सम्बन्धित अधिकारीले त्यस्तो शिक्षकलाई पहिलो पटक भए सचेत गराउने र दोस्रो तथा तेस्रो पटक सोही क्रम लगातार दोहोरिएमा क्रमशः एक र दुई तलब वृद्धि रोक्का गर्ने छ ।

(३) देहायका कार्य तोकिएको समयमा नगर्ने प्रधानाध्यापकलाई उपदफा १ बमोजिमको सजाय हुने छ ।

(क) तोकिएको समय भित्र विद्यार्थीको तथ्याङ्क अद्यावधिक गरेर बुझाउने,

(ख) विद्यालय सुधार योजना तयार तथा अद्यावधिक गर्ने,

(ग) सामाजिक तथा आर्थिक लेखा परीक्षण गर्ने,

(घ) गाउँ पालिका लगायत विभिन्न निकायबाट प्राप्त रकम तोकिएको काममा समयमा नियमानुसार खर्च गरी फछर्यौट गर्ने

(ङ) सिकाइ उपलव्धि योजना तयार गर्ने

(च) विद्यालयको वार्षिक कार्य योजना र क्यालेण्डर बनाइ कार्यान्वयन गर्ने

(छ) विद्यालयको वार्षिक बजेट बनाइ कार्यान्वयन गर्ने

(ज) शिक्षक कर्मचारीको कार्य विभाजन योजना बनाइ कार्यान्वयन गर्ने

(झ) शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन समयमा भराइ बुझाउने

(ञ) विद्यालयमा नियमित रुपमा अतिरिक्त क्रियाकलाप तथा खेलकुदको योजना बनाइ कार्यान्वयन गर्ने

(ट) तलब भत्ता निकासा भए पश्चात समयमै वितरण गर्ने र शिक्षकबाट कटाएको विमा, सञ्चयकोष, सामाजिक सुरक्षा कर, आयकर र नागरिक लगानी कोषको रकम समयमै सम्बन्धित निकायमा दाखिला गर्ने

(ठ) विद्यालयको सामान्य काममा कम्प्युटरको प्रयोग गर्ने सिप हासिल गर्ने

(ड) विद्यालयमा सम्पूर्ण अभिलेखहरू चुस्त दुरुस्त राख्ने

(ढ) शिक्षक तथा विद्यार्थी आचारसंहिता तयार गरी कार्यान्वयन गर्ने ।

**३०. विभागीय कारबाही र सजायसम्बन्धी विशेष व्यवस्था :**

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम सो आयोगबाट र प्रचलित कानुनबमोजिम सम्बन्धित निकायले कुनै शिक्षक तथा कर्मचारीलाई विभागीय कारबाही गर्न लेखी आएमा आवश्यक प्रक्रिया पुर्याइ सोहीबमोजिम विभागीय सजाय गर्नुपर्ने छ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नियमानुसार बिदा स्वीकृत नगराइ आफ्नो विद्यालयमा अनुपस्थित हुने शिक्षक तथा कर्मचारीलाई गयल र तलब कट्टी गर्न सकिने छ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना गरिने छैन ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बिदा स्वीकृत नगराइ लगातार पन्ध्र दिनभन्दा बढी अवधि अनुपस्थित हुने शिक्षक तथा कर्मचारीलाई गयल कट्टी गरी हाजिर गराउन सकिने छैन । हाजिर गराएमा त्यसरी हाजिर गराउने पदाधिकारीलाई दफा २२ बमोजिम विभागीय कारबाही हुने छ र त्यसरी हाजिर गराएको शिक्षक तथा कर्मचारीले खाएको तलब, भत्तासमेत त्यसरी हाजिर गराउने पदाधिकारीबाट सरकारी बाँकीसरह असुल उपर गरिने छ ।

**३१. अदालतको आदेशबाट पुन: बहाली हुन सक्ने**

(१) दफा २३ मा उल्लेख भएका कुनै आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसलाबमोजिम सेवामा पुन: बहाली हुन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम पुन: बहाली भएको शिक्षकले सेवाबाट हटेदेखि पुन:बहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सोसमेत पाउने छ ।

**३२. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने**

नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा विना सूचना अनुपस्थित रहेको शिक्षकले सो अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

## परिच्छेद- ६

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम, वृत्ति विकास

**३३) शिक्षक छनौट समिति**

(१) सामुदायिक विद्यालयमा प्रधानाध्यापकको नियुक्तिका साथै रिक्त दरबन्दी र राहत शिक्षक पदमा करारमा नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको एक शिक्षक छनौट समिति हुने छ ।

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य -अध्यक्ष

ख) गाउँ शिक्षा अधिकारी , शिक्षा शाखा प्रमुख वा निजले तोकेको प्रतिनिधि -सदस्य

ग) विषय विशेषज्ञ दुई जना - सदस्य

घ) प्रधानाध्यापक - सदस्य सचिव

तर रिक्त शिक्षक पदको विज्ञापनमा एक जनामात्र उमेदवार परेको अवस्थामा खण्ड (ग) बमोजिमका विशेषज्ञ एक जनामात्र मनोनित गर्न बाधा पर्ने छैन ।

(२) उपदफा १ (घ) का लागि विषय विशेषज्ञको सूची गाउँपालिका क्षेत्रभित्रका विद्यालयमा कार्यरत स्थायी शिक्षकहरू राहत शिक्षकहरु मध्येबाट आधारभूत तहका लागि शिक्षा शास्त्र स्नातक गरेका कम्तीमा आधारभूत तहका शिक्षक र माध्यमिक तहका लागि स्नातकोत्तर उत्तीर्ण गरी माध्यमिक तह वा सो सरहका तालिम प्राप्त शिक्षकहरू मध्येबाट प्रत्येक दुई वर्षका लागि सार्वजनिक सूची प्रकाशन गरी गरिने छ । साथै शिक्षा विकास तथा समन्वय इकाइको विषय विशेषज्ञ सूचीमा रहेका शिक्षकहरुलाई समेत विज्ञको मान्यता दिइनेछ ।

तर विज्ञान, गणित,अंग्रेजी, लेखाजस्ता प्राविधिक प्रकृतिका विषयको हकमा सोही विषयको स्नातकोत्तर उत्तीर्ण स्थायी शिक्षक गाउँपालिका क्षेत्रभित्र नपाएको अवस्थामा स्नातक उत्तीर्ण स्थायी शिक्षकलाई समेत विशेषज्ञको रूपमा प्रयोग गर्न सकिने छ। गाउँपालिका क्षेत्रभित्र सम्बन्धित विषयका योग्यता प्राप्त विशेषज्ञ उपलब्ध हुन नसकेको अवस्थामा अन्य पालिकाका योग्यता पुगेका शिक्षकलाई पनि विशेषज्ञको रूपमा प्रयोग गर्न बाधा पर्ने छैन।

(३) विद्यालयले विशेषज्ञको छनोट गर्दा गाउँपालिका शिक्षा शाखासँग समन्वय गरी विद्यालय व्यवस्थापन समितिबाट छनोट गर्नु पर्ने छ।

(४) करार शिक्षक छनोटको परीक्षा केन्द्र गाउँपालिकामा रहने छ।

(५) करार शिक्षक छनोटका लागि कम्तीमा १५ दिनको सूचना प्रकाशन गर्नुपर्ने छ। छनोट परीक्षाको पाठ्यक्रम एवम् परीक्षा प्रणाली शिक्षक सेवा आयोगले निर्धारण गरेबमोजिम हुने छ।

३४. गाउँपालिकाले प्रधानाध्यापकसँग तथा विद्यालयले शिक्षकहरूसँग तोकिए बमोजिमको कार्यसम्पादन करार गराइ शैक्षिक गुणस्तर र उपलब्धि हासिल गराइने छ।

३५. सामुदायिक विद्यालयमा प्रधानाध्यापक सम्वन्धी व्यवस्था:-

(१) प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न एक जना प्रधानाध्यापक रहने छ।

(२) प्रधानाध्यापकको नियुक्ति, सेवा, सर्त र सुविधा सम्बन्धी व्यवस्था देहायबमोजिम हुने छ :-

(क) माध्यमिक विद्यालयको प्रधानाध्यापक हुन स्नातकोत्तर उपाधि प्राप्त गरेको स्थायी माध्यमिक शिक्षक हुनुपर्ने छ। स्नातकोत्तर उत्तीर्ण स्थायी शिक्षक नभएको अवस्थामा स्नातकोत्तर योग्यता प्राप्त माध्यमिक शिक्षक मध्येबाट प्रधानाध्यापकको नियुक्ति गरिने छ।

(ख) आधारभूत विद्यालयको प्रधानाध्यापक हुन स्नातक योग्यता प्राप्त गरेको स्थायी शिक्षक हुनुपर्ने छ। स्नातक उत्तीर्ण स्थायी शिक्षक नभएको अवस्थामा स्नातक योग्यता प्राप्त आधारभूत तहका शिक्षक मध्येबाट प्रधानाध्यापकको नियुक्ति गरिने छ।

(ग) प्रधानाध्यापक नियुक्ति हुनुपूर्व पाँच वर्षे विद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेस गर्नुपर्ने छ । विद्यालय व्यवस्थापन समितिले प्राप्त विद्यालय विकास कार्ययोजनासहित उम्मेदवारको विवरण शिक्षक छनोट समितिसमक्ष पठाउने छ। छनोट समितिले देहायका आधारमा कम्तीमा ६० अङ्क प्राप्त गर्ने उम्मेदवारहरू मध्येबाट सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उमेदवारलाई प्रधानाध्यापकमा नियुक्तिका लागि विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने छ। प्रधानाध्यापकको नियुक्ति विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा अधिकारीले गर्ने छ। नियुक्ति पूर्व प्रधानाध्यापकलाई २ वर्षको कार्यसम्पादन करार गराइने छ।

(१) विद्यालय विकास प्रस्ताव बापत - २५ अङ्क (विद्यालय विकास प्रस्तावको तयारी बापत १५ अङ्क र प्रस्तुतीकरणबापत १० अङ्क)

(२) नेतृत्व गर्ने क्षमता बापत - १५ अङ्क (विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा गाउँ शिक्षा अधिकारीले प्रदान गर्ने ५।५ अङ्क)

(३) शैक्षिक योग्यता बापत - २० अङ्क (न्यूनतम शैक्षिक योग्यताबापतको प्रथम श्रेणी, द्वितिय श्रेणी र तृतीय श्रेणीबापत क्रमश : १५ अङ्क, १३ अङ्क र ११ अङ्क र माथिल्लो योग्यताबापत प्रथम श्रेणी, द्वितिय श्रेणी र तृतीय श्रेणीबापत क्रमश : ५ अङ्क, ४ अङ्क र ३ अङ्क )

(४) शिक्षण अनुभव बापत - २५ अङ्क (सम्बन्धित तहको अनुभव बापत प्रत्येक वर्ष ३ अङ्कका दरले)

(५) तालिम बापत - १० अङ्क (प्रथम श्रेणी, द्वितिय श्रेणी र तृतीय श्रेणीबापत क्रमश : १० अङ्क, ९ अङ्क र ८ अङ्क)

(६) सूचना प्रविधिसम्बन्धी ज्ञान - ५ अङ्क

(घ) प्रधानाध्यापकको पदावधि पाँच वर्षको हुने छ । तर देहायको अवस्थामा प्रधानाध्यापकलाई विद्यालय व्यवस्थापन समितिको सिफारिस र गाउँ शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुखको प्रतिवेदनका आधारमा गाउँ शिक्षा अधिकारी वा शिक्षा शाखा प्रमुखले जुनसुकै बखत हटाउन सक्ने छ । तर यसरी हटाउनु पूर्व सम्बन्धीत प्धानाध्यापकलाई स्पष्टीकरण पेश गर्ने मनिशव मौकाबाट वञ्चित गरिने छैन ।

(१) निजको आचरण सन्तेषजनक नरहेमा,

(२) यस ऐन तथा अन्तर्गत बनेका नियमावली विपरीतको कुनै कार्य गरेमा,

(३) निजले कार्यसम्पादन सम्झौता बमोजिमको कार्य सन्तोषजनक रूपमा गर्न नसकेमा,

(४) विद्यालयको चल अचल सम्पत्ति हिनामिना गरेको प्रमाणित भएमा ।

(ङ) खण्ड (क) र (ख) बमोजिमको योग्यता पुगेको शिक्षक प्राप्त हुन नसकेमा विद्यालयमा कार्यरत वरिष्ठतम शिक्षकले निमित्त प्रधानाध्यापक भई कामकाज गर्ने छ ।

(च) विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य एवम् दायित्व हुने छ ।

**३६. शिक्षकको सरुवा**

(१) गाउँपालिका क्षेत्रभित्रका विद्यालयको सरकारी दरबन्दीमा कार्यरत शिक्षकले दरबन्दी रिक्त भएको विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सिफारिससहित निवेदन दिएमा रिक्त पद र विषय मिल्ने देखिएमा गाउँ शिक्षा अधिकारी वा शिक्षा शाखा प्रमुखले निजलाई सरुवा गर्नसक्ने छ ।

(२) उपदफा (१) को अवस्थामा बाहेक शिक्षकलाई गाउँपालिका क्षेत्रभित्रको एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्नु पर्ने अवस्था परेमा गाउँ शिक्षा समितिले निजलाई सरुवा गर्न सक्ने छ । गाउँ शिक्षा समितिको बैठक तत्काल बस्न सम्भव नभएको अवस्थामा यस अधिकारको प्रयोग गाउँ शिक्षा समितिका अध्यक्षले गर्न सक्ने छ । यसरी सरुवा गर्नु पर्दा सम्बन्धित शिक्षक र वि.व्य.स.को सहमति लिन बाध्य पर्ने छैन।

(३) गाउँपालिकाभित्रबाट अन्यत्र पालिकामा सरुवा सहमतिका आवेदन दिने स्थायी शिक्षकलाई गाउँपालिकाभित्रको निज कार्यरत विद्यालय व्यवस्थापन समितिको सहमतिमा गाउँ शिक्षा अधिकारी वा शिक्षा शाखा प्रमुखले सरुवा भई जान सहमति दिनसक्ने छ ।

(४) कुनै स्थायी शिक्षकले अन्यत्र पालिकाबाट यस गाउँपालिकाभित्रका विद्यालयमा सरुवा हुन आफू कार्यरत विद्यालय र विद्यालय रहेको पालिकाको सहमतिका अतिरिक्त सरुवा भई आउने यस गाउँपालिकाभित्रको विद्यालयको व्यवस्थापन समितिको सहमतिसहित निवेदन दिएमा गाउँ शिक्षा समितिले निजलाई सरुवा गर्न सक्ने छ ।

(५) सरुवा भएको एक्काइस दिनभित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षकलाई तोकिए बमोजिमको ढाँचामा रमाना पत्र दिई सोको जानकारी शिक्षा शाखा र सम्बन्धित विद्यालयलाई समेत दिनुपर्ने छ ।

(६) शिक्षक सरुवा सम्बन्धी अन्य मापदण्ड गाउँपालिकाले तोकेबमोजिम हुने छ ।

३७. मापदण्डको मार्गदर्शनका रुपमा रहने : शिक्षक सरुवा सम्बन्धमा नेपाल सरकारले लागू गरेको मापदण्ड मार्गदर्शनका रुपमा रहनेछ ।

**३८. दरबन्दी मिलान**

(१) तोकिएको मापदण्डको आधारमा गाउँपालिकाभित्र वार्षिक रूपमा शिक्षक दरबन्दी मिलान गरिने छ।

(२) गाउँ शिक्षा समितिले दरबन्दी मिलानको क्रममा समान तहको स्थायी, अस्थायी तथा राहत शिक्षकबीच सरुवा गर्न सक्ने छ। यसरी सरुवा गर्नुपर्दा सम्बन्धित शिक्षक र विद्यालय व्यवस्थापन समितिको सहमति लिन आवश्यक पर्ने छैन।

(३) शिक्षकको दरबन्दी मिलान गरी सोही अनुसारको सरुवा सामान्यतया शैक्षिक सत्रको सुरु वा अन्त्यमा गरिने छ।

**३९. शिक्षकको स्थायी नियुक्ति र बढुवा सम्बन्धी व्यवस्था**

१) हाल स्वीकृत दरबन्दीमा शिक्षकहरूको स्थायी नियुक्ति तथा बढुवासम्बन्धी व्यवस्था सङ्घीय कानुनबमोजिमको शिक्षक सेवा आयोगबाट हुनेछ।

२) स्थानीय तहबाट स्वयंसेवक शिक्षक पदमा नियुक्त शिक्षकहरूको सेवा, सर्त सम्बन्धी व्यवस्था गाउँपालिकाले तोकेबमोजिम हुने छ।

**४०. तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था :**

१) शिक्षकलाई सङ्घीय, प्रादेशिक तथा स्थानीय तहको तालिम नीति अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ।

२) तालिम र क्षमता विकास सम्बन्धमा गाउँपालिकाले वार्षिक कार्यतालिका तयार गरी लागू गर्नेछ।

३) सबै शिक्षकलाई पेशागत क्षमता विकासका लागि समन्यायिक अवसर प्रदान गरिनेछ।

**४१. शिक्षकलाई अन्य काममा लगाउन नहुने**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनसम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचनसम्बन्धी काम, दैवी प्रकोप उद्धार वा सङ्घीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारले तोकेको अन्य कुनै काममा खटाउन सकिने छ।

## परिच्छेद: ७

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

**४२. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण**

(१) विद्यालयमा विद्यार्थी सङ्ख्याअनुसार कक्षाकोठा, खेल मैदान, कम्पाउण्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरणमैत्री हाता, करेसावारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलगअलग शौचालय, सिकाइमैत्री वातावरण हुनुपर्ने छ।

(२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, मनोपरामर्श, छात्रामैत्री सेनिटरी प्याड जस्ता न्यूनतम सुविधा उपलब्ध हुनुपर्ने छ।

(३) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिएबमोजिम हुने छ।

**४३. विद्यालयको सम्पत्ति**

(१) सामुदायिक विद्यालयको जगाको स्वामित्व सोही विद्यालयकै नाममा रहने छ। सो विद्यालय बन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले कानुनबमोजिम भोग चलन गर्न सक्ने छ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सोही विद्यालयको व्यवस्थापन समितिको हुने छ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य स्थानीय सरकारको हुने छ।

(४) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने छ। यस ऐनबमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्तिको संरक्षण एवम् व्यवस्थापन वडा समितिसँगको सहकार्यमा गाउँपालिकाले गर्ने छ।

(५) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने छ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन।

(६) कम्पनीअन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहने छ।

(७) संस्थागत विद्यालयले कुनै व्यक्ति वा सङ्घ संस्थासँग दानदातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनुपर्ने छ तर विदेशी व्यक्ति वा सङ्घ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि सङ्घीय सरकार र स्थानीय सरकारबाट पूर्व स्वीकृति लिनुपर्ने छ।

(८) विद्यालयले चल अचल सम्पत्ति बेचबिखन गर्दा गाउँ शिक्षा समितिको अनुमति लिनुपर्ने छ।

**४४. पाठ्यक्रम तथा पाठ्यपुस्तक**

(१) विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्नु पर्ने छ।

(२) कुनै विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यपुस्तक बाहेक थप पाठ्यसामग्री लागु गर्न चाहेमा पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको सूचीमा पर्ने देखिएमा त्यस्तो पाठ्यसामग्री लागु गर्न गाउँ शिक्षा अधिकारी वा शिक्षा शाखा प्रमुखबाट अनुमति लिनु पर्ने छ।

(३) सामुदायिक विद्यालयले शैक्षिक सत्रमा विद्यार्थी भर्ना हुनासाथ एक एक सेट पाठ्यपुस्तक विद्यार्थीलाई उपलब्ध गराउनु पर्ने छ। सो का लागि गाउँपालिकाले चैत्र मसान्तभित्र पाठ्यपुस्तकबापतको तोकिएको रकम विद्यालय खातामा निकासा गरिसक्नु पर्ने छ।

(४) गाउँपालिकाले आवश्यकतानुसार स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक बनाई लागु गराउन सक्ने छ।

**४५. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन सम्बन्धी व्यवस्था:**

(१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउनका साथै बालबालिकाको अन्तरनिहीत क्षमता विकासका लागि अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्नसक्नेछ।

(२) विद्यालयले स्काउट, रेडक्रस, बालक्लव, ईकोक्लब तथा वातावरण मैत्री क्लवहरू गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरू सञ्चालन गर्न सक्ने छ।

(३) सह तथा शैक्षिक क्रियाकलापसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ।

## परिच्छेद:८

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

**४५. आधारभूत तह उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन**

**(१) गाउँपालिकास्तरीय परीक्षा निर्देशक समिति**

आधारभूत तहका (कक्षा ८ को) अन्तिम परीक्षा लगायत अन्य कक्षाको सिकाइ उपलब्धि परीक्षासमेतलाई मर्यादित र व्यवस्थित तरिकाले सञ्चालनका लागि आवश्यक नीति निर्माण, व्यवस्थापनका साथै परीक्षा समितिलाई निर्देशन गर्न तपसिलको एक गाउँपालिकास्तरीय परीक्षा निर्देशक समिति रहने छ :

(क) गाउँपालिकाको प्रमुख - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) शिक्षा अधिकारी वा शिक्षा शाखा प्रमुख - सदस्य सचिव

**(२) गाउँपालिक स्तरीय परीक्षा समिति**

आधारभूत तहका (कक्षा ८) को अन्तिम परीक्षालगायत अन्य कक्षाको सिकाइ उपलब्धि परीक्षासमेतलाई मर्यादित र व्यवस्थित तरिकाले सञ्चालन गर्न तपसिलको एक गाउँपालिका स्तरीय परीक्षा समिति रहने छ :

(क) शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमख - अध्यक्ष

(ख) सामुदायिक र संस्थागत विद्यालयको प्रतिनिधित्व हुने गरी प्रधानाध्यापक वा शिक्षकमध्येबाट कम्तीमा एक जना महिलासहित गाउँ शिक्षा अधिकारी वा शिक्षा शाखा प्रमुखले मनोनित गरेका तीनजना – सदस्य

(ग) शिक्षा शाखामा कार्यरत अधिकृत वा गाउँपिलकामा सञ्चालित उच्चतम विद्यालयको प्र.अ - सदस्य सचिव

(३) निर्देशक समिति र परीक्षा समितिले सम्बन्धित विषयका विशेषज्ञहरूलाई परीक्षा समितिको वैठकमा आमन्त्रण गर्न सक्ने छ।

(४) परीक्षा समितिका मनोनित सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ। निजहरूको कार्यसम्पादन सन्तोषजनक हुन नसकेमा परीक्षा समितिको अध्यक्षले जुनसुकै समयमा हटाउन सक्नेछ। तर हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनाशिव मौकाबाट बञ्चित गरिने छैन।

(५) समितिका सदस्यहरूलाई बैठकमा सहभागी भएवापत तोकिए बमोजिम वैठक भत्ता उपलब्ध गराइने छ।

## परिच्छेद: ९

## संस्थागत विद्यालयको व्यवस्थापन समिति गठन, मापदण्ड निर्धारण तथा नियमनसम्बन्धी व्यवस्था

**४६. संस्थागत विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्था**

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहने छ:

(क) विद्यालयका संस्थापक वा लगानीकर्ताहरू मध्येवाट सम्बन्धित विद्यालयले सिफारिस गरेको तीन जना मध्ये अध्यक्षले मनोनित गरेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट १ जना महिला पर्ने गरी वि.व्य.स.ले मनोनित गरेका २ जना -सदस्य

(ग) गाउँ शिक्षा प्रतिनिधि १ जना -सदस्य

(घ) सम्बन्धित वडा समितिले तोकेको सो समितिको सदस्य १ जना -सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफुहरू मध्येवाट छानी पठाएको १ जना - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) संस्थागत विद्यालय ब्यबस्थापन समितिको पदावधि ३ बर्षको हुने छ।

(३) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयका लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने, स्वीकृत पाठ्यपुस्तक बाहेक थप पाठ्यसामग्री लागू गर्नुपर्ने अवस्थामा गाउँपालिकाको सहमति लिने,

(च) प्रचलित कानुनबमोजिम शिक्षक पदका लागि उमेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) शिक्षक तथा कर्मचारीको नियुक्ति छनौट समितिमार्फत गरी न्यूनतम तलब, सेवा र सुविधा तोक्ने,

(ज) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले आयोजना गरेका कार्यक्रममा विद्यालयलाई सरिक गराउने,

(झ) सङ्घीय, प्रादेशिक तथा गाउँ शिक्षा ऐन, नियमावली तथा अन्य कानुनमा उल्लिखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित नीति, नियम तथा निर्देशनहरूको पालना गर्ने गराउने,

(ञ) प्रत्येक शैक्षिक सत्रका लागि शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा एक महिना अगावै शुल्क प्रस्ताव गरी गाउँपालिकामा पेस गर्ने र गाउँपालिकाबाट स्वीकृत भएअनुसारको शुल्क निर्धारण गर्ने।

(ट) लेखा परीक्षण गराइ अनिवार्य रुपमा बार्षिक प्रतिवेदन वडा शिक्षा समिति र गाउँ शिक्षा समितिमा पेस गर्ने,

(ठ) शिक्षक कर्मचारी तथा विद्यार्थीको आचारसंहिता बनाइ लागु गर्ने,

(ड) तोकिएबमोजिमका अन्य कार्य गर्ने गराउने।

**४७. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने**

(१) संस्थागत विद्यालयले अनिवार्य तथा निःशुल्क **छात्रवृत्ति** शिक्षा ऐनले निर्धारण गरेबमोजिम देहायअनुसारको सङ्ख्यामा नघट्ने गरी तोकिएबमोजिम जेहेनदार, अति विपन्न, अपाङ्गता भएका, छात्रा, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने छ।

(क) ५०० जनासम्म विद्यार्थी भएका विद्यालयले कुल सङ्ख्याको १० प्रतिशत

(ख) ८०० जनासम्म विद्यार्थी भएका विद्यालयले कुल सङ्ख्याको १२ प्रतिशत

(ग) ८०० जनाभन्दा बढी विद्यार्थी भएका विद्यालयले कुल सङ्ख्याको १५ प्रतिशत

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयका प्रधानाध्यापक, गाउँ शिक्षा प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहने छ।

(३) समितिले सङ्घ तथा गाउँपालिकाले तोकेको मापदण्डभित्र रही विद्यार्थी छनौटका लागि थप आधार, सर्त र प्रक्रिया तयार गरी सोही विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराइ सार्वजनिक समेत गर्नुपर्ने छ।

(४) संस्थागत विद्यालयले प्रत्येक वर्ष प्रदान गरेको छात्रवृत्तिको विवरण गाउँ शिक्षा शाखामा पेस गर्नुपर्ने छ।

**४८. अनुगमन तथा मूल्याङ्कन**

संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँ शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न र निर्देशन दिन सक्ने छ। यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुने छ।

**४९. अनुमति वा स्वीकृति रद्द गर्ने**

कुनै संस्थागत विद्यालयले यस ऐन र अन्तर्गत बनेको नियम, निर्देशिका एवम् कार्यविधि विपरीत कुनै काम गरेमा, समयमै शैक्षिक तथ्यांकलगायत माग गरिएको सूचना उपलब्ध नगराएमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्ने छ तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन।

## परिच्छेद–१०

## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन, अनुगमन र नियमन

### ५०. विद्यालय विकास कोष

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय विकास कोष हुने छ, जसमा देहायबमोजिमका स्रोतबाट प्राप्त रकम जम्मा हुनेछ :

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र सामाजिक लेखा परीक्षण तोकिएबमोजिम हुने छ।

### ५१. अनुदानको व्यवस्था :

(१) यो ऐन प्रारम्भ हुँदाको बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ। तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँदै आएको अनुदान रकमलाई निरन्तरता दिन गाउँपालिका बाध्य हुनेछैन।

(२) सामुदायिक विद्यालयहरूलाई तोकिएबमोजिम अनुदान उपलब्ध गराउन सकिने छ।

### ५२. लेखा व्यवस्थापन:

(१) सबै विद्यालयहरूले प्रचलित कानुनअनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ।

(२) विद्यालयको नियमित कारोबारको लेखा राख्नका लागि प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षको संयुक्त दस्तखतबाट खाता सञ्चालन गरी लेखा व्यवस्थापन गर्नुपर्ने छ।

### ५३. लेखा परीक्षण तथा सामाजिक परीक्षण :

(१) सबै विद्यालयहरूले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाउँ शिक्षा अधिकारीबाट नियुक्त रजिष्टर्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने छ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण सम्पन्न भएको मितिले पन्ध्र दिन भित्र शिक्षा शाखामा पेस गर्नुपर्ने छ।

(३) प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आय, व्यय, शैक्षिक उपलब्धि, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षणमार्फत सार्वजनिक तथा अनुमोदन गर्नुपर्ने छ।

(४) विद्यालय सामाजिक परीक्षण समितिमा देहायका सदस्यहरू रहनेछन् :

(क) शिक्षक अभिभावक सङ्घको अध्यक्ष - संयोजक

(ख) अभिभावकमध्येबाट शिक्षक अभिभावक सङ्घबाट मनोनित कम्तीमा एक महिलासहित दुई जना -सदस्य

(ग) सम्बन्धित वडा समितिले तोकेको सो समितिको एक जना सदस्य -सदस्य

(घ) बुद्धिजीवीमध्येबाट शिक्षक अभिभावक सङ्घले मनोनित गरेको एक जना -सदस्य

(ङ) उच्चतम कक्षाको प्रथम छात्रा वा छात्र एक जना -सदस्य

(च) प्रधानाध्यापकले तोकेको शिक्षक सदस्य-सचिव

५) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजासहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावकसमक्ष पेस गरी पृष्ठपोषण लिनुपर्ने छ।

**५४. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने**

गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिएबमोजिम छात्रवृत्तिको व्यवस्था गर्नसक्ने छ।

**५५. शुल्क तथा सहयोगबाट प्राप्त रकम**

(१) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले विद्यालयको विकासका लागि आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ।

३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्म नि:शुल्क शिक्षा प्रदान गर्नका लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्ने छ।

(४) उपदफा (१) बमोजिम नि:शुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाबाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिने छ।

(५) संस्थागत विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुन: सोही तहको अर्को कक्षामा सोही नाममा कुनै किसिमको शुल्क लिन पाइने छैन।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क गाउँ शिक्षा समितिबाट स्वीकृत गराइ निर्धारण गर्नुपर्ने छ। त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिने छ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा गाउँ शिक्षा अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनुपर्ने छ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई गाउँ शिक्षा समितिले तोके बमोजिमको जरिबाना गर्न सकिनेछ।

**५६. विद्यालयलाई छुट र सुविधा**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीका रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेसन दस्तुर लाग्ने छैन।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा गाउँपालिकाले तोकेको आधारमा रजिष्ट्रेसन दस्तुर छुट दिनसक्ने छ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीका रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुने छ।

## परिच्छेद: ११

## प्राविधिक तथा व्यवसायिक शिक्षा

५७. गाउँपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिने छ। यस्ता विद्यालयको सञ्चालनका लागि गाउँपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्ने छ। गाउँपालिकाले प्राविधिक

विषयको कक्षा सञ्चालनका लागि अनुमति दिँदा तोकिएको मापदण्ड बमोजिम नदोहोरिने गरी विषय सिफारिस गर्ने छ।

यस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ।

## परिच्छेद १२
## विविध

**५८. विद्यालयको विनियम**

(१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रियालगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विनियम विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको संयुक्त वैठकबाट पारित गराइ लागु गर्नुपर्ने छ।

(२) यसरी बनाएको विनियम व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको संयुक्त बैठकले आवश्यकताअनुसार संसोधन गर्न सक्ने छ।

(३) विनियम अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापकलगायत अन्य सबैको कर्तव्य हुने छ।

(४) विधान पारित भएको मितिबाट सात दिन भित्र विद्यालयले गाउँपालिकामा पेस गर्नुपर्ने छ।

(५) विद्यालयको विधान सार्वजनिक दस्ताबेज हुने छ र सो जो कोहीले पनि हेर्न पाउनुपर्ने छ।

**५९. गाउँपालिकाले निर्देशन दिन सक्ने**

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरू विद्यालय व्यवस्थापन समितिलाई दिन सक्ने छ

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुने छ।

**६० . विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालयभित्र कुनैपनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने सर्त तथा मापदण्ड तोकिएबमोजिम हुने छ।

**६१. बालबालिकालाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाइने छैन।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक, मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन।

**६२. ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा तथा शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन**

(१) ट्युसन,कोचिङ् ,भाषा शिक्षण,पूर्व तयारी कक्षा,ब्रिजकोर्ष, शैक्षिक परामर्श सेवा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम वा वैदेशिक शैक्षिक मेला, प्रदर्शनी सञ्चालन गर्ने लगायतका कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाबाट अनुमति लिनु पर्ने छ।

(२) उपदफा (१) बमोजिम ट्युसन,कोचिङ् ,भाषा शिक्षण, पूर्व तयारी कक्षा, ब्रिजकोर्ष, शैक्षिक परामर्श सेवा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम वा वैदेशिक शैक्षिक मेला, प्रदर्शनी सञ्चालन गर्न अनुमति लिने सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुने छ।

(३) शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयले अतिरिक्त कोचिङ् कक्षा सञ्चालन गर्न सक्ने छ तर यस सम्बन्धी कक्षा प्रति घण्टा, शिक्षक, प्रति विद्यार्थी शुल्क, शिक्षक बिषय पारिश्रमिक र प्रति कक्षा विद्यार्थी सङ्ख्या समेत स्पष्ट खुलाइ गाउँपालिकालाई जानकारी दिनु पर्ने छ।

(४) शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी थप व्यवस्था तोकिएबमोजिम हुने छ।

**६३ . गाउँपालिकाले शैक्षिक गुणस्तर मापन र एकरुपताका लागि कक्षा ५ को वार्षिक परीक्षा लगायत अन्य कक्षाको परीक्षा लिई स्तर मापन गर्न सक्ने छ।**

**६४. प्रगति विवरण बुझाउनु पर्ने**

विद्यालयले प्रत्येक वर्ष तोकिएबमोजिमका विवरणसहितको प्रगति विवरण वडा शिक्षा समिति र गाउँपालिकाको शिक्षा शाखामा बुझाउनु पर्ने छ।

**६५ . शिक्षा विकास कोष**

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोबास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पीडित, अशक्त र असहाय बालबालिकाको शैक्षिक अवसर वृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न एवम् शैक्षिक गुणस्तर अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्नका लागि गाउँ शिक्षा विकास कोष स्थापना गर्न सक्ने छ।

(२) कोषमा देहायबमोजिमको रकम रहन सक्ने छ :

(क) सङ्घ सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुने छ। कोषबाट गरिएको खर्च रकम गाउँकार्यपालिकाबाट पारित गर्नुपर्ने छ।

**६६. दण्ड सजाय**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगोबमोजिम जरिबाना गर्न सक्ने छ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई ६ महिनासम्म कैद वा १ लाख सम्म जरिबाना वा दुवै सजाय हुने छ।

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैरजिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रसँग सम्बन्धित पदाधिकारीको स्वीकृतिबेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) अनुमति नलिई मन्टेश्वरी कक्षा, कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, ट्युसन, कोचिङ्ग सेन्टर, कम्प्युटर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(ज) कानुन विपरीतको अन्य कार्य गरेमा।

(३) कानुनबमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुने छ र सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐनबमोजिम विभागीय सजाय गरिने छ।

**६७. पुनरावेदन** :

(१) तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ।

**६८. नियम बनाउने अधिकार**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियमावली, निर्देशिका एवम् कार्यविधि बनाउन सक्ने छ।

**६९. सङ्क्रमणकालीन व्यवस्था**

यस ऐनले तोकिएबमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँपालिकाले गर्न सक्ने छ।

**७०. बाधा अडकाउ फुकाउने अधिकार**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा-अड्काउ हटाउन आदेश जारी गर्न सक्ने छ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिने छ तर यस्तो आदेश गाउँ सभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत: निष्क्रिय हुने छ।

**७१. बचाउ र लागु नहुने**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोहीबमोजिम र नलेखिएको कुरामा प्रचलित कानुनबमोजिम हुने छ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारबाही चलाउन बाधा पर्ने छैन।

(३) यस अघि कानुनबमोजिम नियुक्त शिक्षक कर्मचारीलाई नेपाल सरकारले दिँदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन तर यस व्यवस्थाले कानुनबमोजिम दण्ड, सजाय र कारवाही गर्न बाधा पर्ने छैन।

(४) **यस ऐनमा उल्लेख भएका कुराहरू सङ्घीय र प्रादेशिक शिक्षा ऐनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: खारेज हुने छन्।**

(५) तलकोट गाउँपालिकाको शिक्षा नियमावली २०७४ खारेज गरिएको छ। उक्त नियमावली अनुसार गरिएका कार्यहरू यसै ऐन अन्तर्गत गरेको मानिने छ।

**७२. ऐनको संशोधन:**

यस ऐनको संशोधन सम्बन्धी अधिकार गाउँसभामा निहीत रहनेछ।